मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
# पूर्वाधार विकास कार्यालय
सर्लाही, मलंगवा

Web site:
http://idosarlahi.madhesh.gov.np

प.सं.:- २०८१/०८२

च.नं.:- १५००

मिति : २०८२/०३/३०

विषयः प्रेस विज्ञप्ती ।

प्रस्तुत विषयमा चालु आ.व.२०८१/०८२ मा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत प्राप्त अख्तियारी अन्तर्गत यस कार्यालयबाट सम्पादन हुने योजना बहुवर्षिय आयोजना टेण्डर(ठेक्का) मार्फत उपभोक्ता समिति द्वारा सम्पादन हुने साल-वसाली योजना लगायत महेन्द्र नारायण निधि विपन्न आवास योजना,जनता आवास योजना र विपन्न संग मदन भण्डारी विपन्न आवास योजना लाभग्राहीवाट सञ्चालन हुने योजना कार्य सम्पन्न भएको र फर-फारक गरी भुक्तानी झण्डै शत प्रतिशत भएको अवस्था छ, शत प्रतिशत लक्ष्य हासिल गराउने कार्यमा सम्लग्न भै अहोरात्र खटिनु हुने यस कार्यालयका सम्पूर्ण कर्मचारीहरु, निर्माण व्यवसायी, उपभोक्ता समितिका पदाधिकारीहरु तथा लाभग्राहीहरु कठोर मेहनत, ईमान्दारीका साथ अहोरात्र खटिनु हुने सबैमा यस कार्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यस कार्यालयमा चालु आ.व.को ३९१ वटा योजनाको अख्तियारी ढिलो प्राप्त भएकोले प्राप्त भएको अवधि देखि नै योजना कार्यान्वयनको लागि तदारुक्ताका साथ छिटो छरितो ढंगले सेवा प्रवाह गरि रहेको छ। चालु आर्थिक वर्ष समाप्त हुनु भन्दा सात(७) दिन अगावै भुक्तानी र प्रणाली बन्द हुने प्रदेश र स्थानिय तहको हकमा आर्थिक कार्य विधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (७) र (८) बमोजिम गर्नु हुन भनि व्यवस्था भए बमोजिम श्री प्रदेश लेखा ईकाई कार्यालय च.पुर रौतहटको च.नं. २०३ मिति २०८२/०३/०८ को पत्रानुसार चालु आ.व.मा भए गरेको सम्पूर्ण योजनाको भुक्तानी मिति २०८२/०३/२४ लिई सक्नु पर्ने प्रचलित कानुनि व्यवस्था भए अनुसार चालु आ.व.को खाताबन्दीको समय अवधि नजिकिँदै जादाँ, उपभोक्ता समिति तथा निर्माण व्यवसायीले विकास निर्माणका भै गरेका कार्यको भुक्तानी सम्बन्धी निवेदन,विल भरपाई चेक जाँच गरी कागजात कार्यालय समयभित्र र कार्यालय समय बाहेक पनि बुझाउने गरेकोमा कागजातहरु अध्ययन गरी फिल्डमा गई सो कार्यको सुपरभिजन,अनुगमन,नाप जाँच,ल्याव परिक्षण गरी सोही कामको MB/उपभोक्ता ठेक्का विल प्रतिवेदन/कार्य सम्पन्न प्रतिवेदन-मूल्याङ्कन प्रतिवेदन लगायतका कागजातहरु प्राविधिक पक्षबाट तयार गर्नु पर्ने भएको हुदाँ ठूलो संख्यामा रहेका योजनाहरुको काम-कारवाही गर्न र कार्यालय समय

प.सं.:- २०८१/०८२

विनि सक्दा पनि उपभोक्ता समिति लगायत निर्माण व्यवसायीवाट भुक्तानी सम्वन्धि कागजातहरु प्राप्त भैरहने अवस्थाले कार्यालय समयभन्दा पनि अतिरिक्त समय सम्म सेवा प्रवाह गरिरहेको हो । सबै भुक्तानी कार्य Online बाट हुने र दिउसो कामको चाप अत्याधिक बढने भएकोले IPFMS Software server slow हुने भएकोले सेवाग्राहीको काम छिटो छरितो होस र भए गरेका कार्यका भुक्तानी आर्थिक दायित्व बाँकी नरहोस भने अभिप्रायले सम्लग्न सम्पूर्ण कर्मचारीहरुले असल नियतले कार्यालय समय बाहेक अतिरिक्त समय अहोरात्र खटि कार्य सम्पादन गर्नु पर्ने अवस्था आयो।

चालु आ.व.मा भुक्तानी नभएमा अर्को आ.व.मा भुक्तानी लिन वजेटको व्यवस्था नभएकोले बाध्यतावस सोही आ.व.मा भुक्तानी कार्य सम्पन्न गरि सक्नु पर्ने कानुनि बाध्यता रहेको गत आ.व.मा पनि आषाढको २४ गते राती १०;४० बजे ११:३० मा पेश गरेका केही योजनाको फाइल प्राविधिक कारण वश र समय सकिन लाग्दा प्राप्त भएको कारण ११;४८ बजे system lock लागि झण्डै तीन करोड बराबरको भुक्तानी हुन नसकेको कारण वितिय असन्तुलनको अवस्था सिर्जना भै भुक्तानी दिन नसकेको अवस्था छ।

मिति २०८२/03/१२ गते अन्दाजी राती ८:१५ बजे जिल्ला सर्लाही न.पा.कविलासी वार्ड नं.१० सलेमपुर घर ठेगाना भएको अशोक कुमार यादवले उत्शृंखल शैलीमा आर्थिक शाखामा अनाधिकृत रुपमा प्रवेश गरी सो शाखामा काम गर्ने कर्मचारीहरु माथि आई लागि विभिन्न अश्लिल गाली ग्लोज गर्दै "ए काम बन्द गर" भनि डर त्रास धम्की दिंदै योजनाको भुक्तानी सम्बन्धि फाइल करिव १४ ओटा र अन्य कागजात र ल्यापटप कार्यालयको आर्थिक शाखाको टेवलबाट वल जवर्जस्ती खोसी,लुटी गाडीमा लगेको. तत् पश्चयात मिति २०८२/०३/१३ गते विहान अन्दाजी ११;४५ बजेको समयमा खोसी/लुटी लगेको फाइल पुन:आर्थिक शाखामा बुझाएको व्यहोरा अवगत गराउन चाहान्छौ।तत् पश्चात मिति २०८२/०३/१२ गते घटेको घटना क्रमलाई गम्भिरता लिई कार्यालयको सुरक्षा प्रयोजनका लागि श्री जिल्ला प्रशासन कार्यालय सर्लाही मलंगवालाई अनुरोध गरिएकोमा शान्ति सुरक्षा प्रत्याभुती प्रदान हेतु नेपाल प्रहरी र शसस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरुलाई खटाएको अवस्था थियो। सुरक्षाकर्मीहरुको उपस्थितिमा कार्यालयबाट सेवाग्राहीको सेवा अहोरात्र खटिई सेवा प्रदान भै रहेको अवस्थामा पुन- (दोहोराई) मिति २०८२/०३/१९ गते विहिबार राती अन्दाजी २०:३० बजेको समयमा निज श्री अशोक कुमार यादव कार्यालयमा प्रवेश गरी कार्यालय भित्र काम गर्ने कर्मचारीलाई अपशब्द, फोहरी गाली गलोज गर्दै डर-त्रास धम्की दिएको र आफु लगायत १०,१२ जनाको समुहलाई साथमा ल्याई

प.सं. २०८१/०८२

कार्यालयका कर्मचारीहरुलाई गाली दिने डर-त्रास दिई सरकारी कार्यालयको सार्वजनिक सेवा संचालनमा अवरुद्व पूर्याई कार्यालयको मुल गेटको ताल्चा तोड्न लाग्दा खटिएको प्रहरीले त्यसलाई निश्तेज पारेको थियो। निज अशोक कु.यादवले गत वर्ष पनि सम्झौता भएका ६२ ओटा फाइल योजना शाखाबाट खोसी आफ्नो गाडीमा लगेको र पुन भोली पल्ट फाइल फिर्ता गरिएको थियो। अतः अनावश्यक रुपमा,उपभोक्ता समितिको M.B. र मुल्याङ्कनमा धाक धम्की काममा अवरोध, भुक्तानीमा अवरोध जस्ता क्रियाकलाप विगत देखि नै गर्दै आइरहेको छ।

अतःनिजामती सेवा नियमावली,२०५० को परिच्छेद -९ दफा ५४ मा निजामति कर्मचारीको सबै समय नेपाल सरकारको अधिनमा हुने र जुन सुकै समयमा पनि निजलाई सरकारी काममा लगाउन सकिने छ। प्रदेश निजामति सेवा नियमावली २०७९ को परिच्छेद-८ दफा ५२ मा "प्रदेश निजामती कर्मचारीको सबै समय प्रदेश सरकारको अधिन हुने प्रदेश निजामती कर्मचारीको सबै समय प्रदेश सरकारको अधिनमा लगाउन सकिनेछ भनी कानुनि व्यवस्था रहेकोमा सोही बमोजिम अतिरिक्त समयमा वसी कामकाज गरेको थियो।

<u>विशेष ध्यानाकर्षण विषयः</u> महेन्द्र नारायण निधि विपन्न आवास योजना, कार्यान्वयन कार्यविधि ,२०७८ को दफा १५(१)(२) बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्य संयोजक र जिल्लाका सम्पूर्ण निर्वाचित प्रदेश सभा सदस्य रहने आवास निर्माण कार्यक्रम संचालन गर्ने प्रत्येक जिल्ला स्तरिय समिति हुन्छ। त्यस्तै विपन्न संग मदन भण्डारी विपन्न आवास कार्यक्रम, कार्यान्वयन, कार्यविधि,२०८१ को दफा ४(१) बमोजिम मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्य संयोजक र जिल्लाको सम्पूर्ण प्रदेश सभा सदस्य सदस्य हुने गरी लाभग्राही छनौट गर्नका लागी जिल्ला स्तरिय छनौट तथा अनुगमन समिति रहने व्यवस्था अनुसार सर्लाही जिल्लाका यी कार्यक्रमको संयोजक प्रदेश सभा सदस्य माननिय फकिरा महतो ज्यू रहनु भएको व्यहोरा समेत सबैमा जानकारी गराउदै उक्त कार्यक्रमको संयोजक माननिय ज्यू र प्रदेश सभा सदस्य ज्यूको बैठकबाट पारित भएका योजनाहरु कार्यान्वयन प्रक्रियामा मात्र ल्याईने गरेकोमा सो प्रक्रिया नअपनाई आफ्नो खुशी राजीले अघुगै घर निर्माण गरेको र सो घरहरुको सम्झौता समेत नगरी भुक्तानी माग गरेकोमा कार्यालयको सहमति नरहेको र योजना सम्बन्धि कुनै पनि सरोकार नै नरहेको व्यक्तीले सेवा अवरुद्द गर्ने दुष्प्रयास गरी उल्टै कार्य सम्पादनमा अहोरात्र खटिने कर्मचारी हरुको मनोवल गिर्ने गरी

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय

मलंगवा

**Web site:**
http://idosarlahi.madhesh.gov.np

प.सं.:- २०८१/०८२

लान्छाना लगाइनु कुनै पनि हालतमा स्वीकार्य र न्यायोचित हुन्न। यस्ता आधारहिन विषयहरु कपोल कल्पित, निराधार रहेको, सत्यता नरहेको व्यहोरा जानकारी गराउँदै असल नियतकासाथ अहोरात्र खटिएको यस कार्यालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाई प्रतिष्ठामा आँच आउने र काम गर्ने हौसलामा ह्रास पुग्ने जस्ता कार्य एकदम निन्दनिय भएको व्यहोरा यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराउन चाहन्छु।

नि. कार्यालय प्रमुख

.....................
विजय कुमार यादव
नि.कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय,सर्लाही

मिति २०८२ आषाढ ३० गते सोमबार